४. **पुनरावेदन तथा निवेदन मस्यौदामा ग्रहण गरिएका आधार र तिनको खण्डन सम्बन्धमाः** शुरु अदालत वा निकाय वा अधिकारीले गरेको फैसला वा आदेश उपर पुनरावेदन वा वेरीतको आदेश उपर निवेदन दर्ता गर्नु पर्दा शुरु फैसला वा आदेशमा ग्रहण गरीएका निर्णयाधारहरु स्पष्ट रुपमा उल्लेख गरी मिसिल संलग्न तथ्य, सो को कानूनी आधार, प्रमाण वा प्रमाणको मुल्याङ्कनमा भएका त्रुटी र सो सँग सम्बन्धित कानुनी आधार एवं समर्थित नजिर र सिद्धान्त समेत भएमा सो को स्पष्ट उल्लेख गरी तोकिएको ढाँचामा मस्यौदा गरी पठाउनु हुन ।

2020/02/20

.....................

(शान्ति विक्रम शाह)

सहायक न्यायाधिवक्ता

सहायक न्यायाधिवक्ता

# उच्च सरकारी वकील कार्यालय

## पाटन, ललितपुर

(प्रशासन, योजना तथा कानुनी राय शाखा)

मितिः-२०८०/२/३०

सि.न.

पत्र संख्याः- ०७९/८०

च.नं. १८२६

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।
(काठमाण्डौं, ललितपुर, भक्तपुर, रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक)

विषय- पुनरावेदन पत्र तथा निवेदन पत्रको सम्बन्धमा।

उपयुर्क्त विषयमा यस कार्यालयमा प्राप्त हुने पुनरावेदन तथा ७३ नं. को निवेदन पत्रको सम्बन्धमा देहाय बमोजिम गर्न गराउन आदेशानुसार अनुरोध छ।

१. **पुनरावेदन मस्यौदा सम्बन्धमाः** यस कार्यालयमा प्राप्त हुने पुनरावेदन मस्यौदाको हकमा तहाँ कार्यालयबाट मिसिल प्राप्त हुँदा कागजात अद्यावधिक नगरेको तथा मिसिल प्राप्त भैसके पश्चात पनि मस्यौदाको Soft Copy समेत विद्युतिय माध्यम Email प्राप्त नहुने गरेकोले सो सम्बन्धमा उचित समयावधिभित्र आवश्यक प्रमाण कागज अनिवार्य समावेश गरी पुनरावेदन गर्ने नगर्ने मस्यौदा सहित Email समेत समयमै पठाउनु हुन।

२. **७३ नं को निवेदनको सम्बन्धमाः** प्रतिवादीको तर्फबाट निवेदन पर्न सक्ने अवस्थाको विश्लेषण, शुरु आदेशमा फरक पर्दा अन्य प्रतिवादी तथा मुद्धामा समग्र रुपमा पर्न सक्ने असर, कार्यविधिगत समरुपताको अवस्था समेतलाई विचार गरी अदालतबाट उठान भएका कागज प्रमाण (प्रतिवादीले वयान साथ उल्लेख गरी अदालतमा पेश गरेका प्रमाण र त्यस्ता प्रमाण उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२३(२) बमोजिम थप अनुसन्धान भएको भए सो समेतका कागजातहरु दुरुस्त गरी पठाउनु हुन ।

३. **निवेदन मस्यौदा सम्वन्धमाः** प्रतिवादीको निवेदन परी अदालतबाट कैफियत प्रतिवेदन माग हुनासाथ सो को जानकारी यस कार्यालयमा प्राप्त हुने र सोही आधारमा टेलिफोनबाट र लिखित रुपमा पत्राचार गरी मिसिल मगाउँदा समेत मिसिल समयमा आउने नगरेकोले पटक-पटक पेशी स्थगित गर्नु परेको र त्यस्ता मुद्दासँग सम्बन्धित शुरू आदेश उपर नेपाल सरकारको तर्फबाट पनि निवेदन गर्नु पर्नेमा तहाँ सम्बन्धीत कार्यालयबाट मस्यौदा गरी पठाउनु पर्ने अनिवार्य कानुनी व्यवस्था तथा महान्याधिवक्ताको कार्यालयको परिपत्र समेत भएकोमा केही मुद्दाहरुमा मस्यौदा साथ मिसिल पठाइएको नपाइएकोले सो व्यवस्था समेतलाई ध्यान दिई अनिवार्य रुपमा निवेदन मस्यौदा पठाउनु हुन ।